आज मिति २०८३ साल श्रावण ०८ गते शुक्रबारका दिन यस बारबर्दिया नगरपालिकाको ९८ औ नगरकार्यपालिका बैठक नगर प्रमुख श्री छविलाल थारुज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसि पेश भएका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित गरियो।

तपसिल:-

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | छविलाल थारु | नगर प्रमुख | |
| २ | रत्न कुमारी पाण्डे | नगर उप-प्रमुख | |
| ३ | कैलासपति थारु | १ नं. वडा अध्यक्ष | |
| ४ | राम फेरन थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | नन्दलाल थारु | ३ नं. वडा अध्यक्ष | |
| ६ | सिताराम योगी | ४ नं. वडा अध्यक्ष | |
| ७ | लाल बहादुर थारु चौधरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | झग बहादुर वली क्षेत्री | ६ नं. वडा अध्यक्ष | |
| ९ | इन्द्र प्रसाद थारु चौधरी | ७ नं. वडा अध्यक्ष | |
| १० | नर बहादुर चन्द | ८ नं. वडा अध्यक्ष | |
| ११ | देवेन्द्र कुमार बिष्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | रण बहादुर चौधरी | १० नं. वडा अध्यक्ष | |
| १३ | बिजय कुमार चौधरी | ११ नं. वडा अध्यक्ष | |
| १४ | धर्मी तारमी | कार्यपालिका सदस्य | |
| १५ | खिमा परियार | कार्यपालिका सदस्य | |
| १६ | श्याम कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | इन्दर कुमारी थारु | कार्यपालिका सदस्य | |
| १८ | बेलमोती कुमारी वैद्य | कार्यपालिका सदस्य | |
| १९ | मातृका प्रसाद राजी | कार्यपालिका सदस्य | |
| २० | पुश्कल बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| २१ | दैनिता बि.क. | कार्यपालिका सदस्य | |
| २२ | गौतम भण्डारी | सदस्य-सचिव | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |

प्रस्तावहरु

१. मुद्दाको प्रतिरक्षा सम्बन्धमा ।

२. नदिजन्य पदार्थको लिलाम बिक्रि सम्बन्धमा ।

३. बजेट माग गर्ने सम्बन्धमा ।

४. विविध ।

निर्णय नं.१

प्रस्ताव नं. १ मा छलफल गर्दा जिल्ला बारबर्दिया नगरपालिका वडा नं ८ बकलभार गाउँ बस्ने निरु दमाईले जिल्ला बर्दिया बारबर्दिया नगरपालिका वडा नं. ८ दुद्धामा रहेको वडा कार्यालय समेतलाई विपक्षी बनाई उच्च अदालत तुलसीपुर नेपालगंज इजलाशमा दायर गरेको मुद्दा नं ०८२-wo-०२९१ को उत्प्रेषण परमादेश मुद्दामा बारबर्दिया नगरपालिका वडा नं ८ कार्यालयका पञ्चाधिकारी समेतको तर्फ बाट उच्च अदालत तुलससीपुर नेपालगंज इजलाशमा गुज्रेको म्याद थामि लिखित जवाफ दर्ता गरी तोकिएको तारिखमा रुजु हाजिरी रही मुद्दा पुर्पक्ष गर्नका लागि बारबर्दिया नगरपालिका वडा नं. ८ का वडा सचिव श्री शान्ति खड्कालाई प्रतिनिधि खटाउने र प्रस्तुत मुद्दामा बहस पैरवी गर्न बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नं. १० बस्ने श्री सर्जुलाल थारु अधिवक्ता कानुन व्यवसायि नं. ९७५३ लाई कानुन व्यवसायि नियुक्त गर्ने निर्णय ।

निर्णय नं.२

प्रस्ताव नं. २ मा छलफल गर्दा मिति २०८३/०३/१९ गतेका दिन वसेको कार्यपालिका बैठक बाट गठित समिति बाट एकिन गरिएको अवैध करिब ५४०० घन मि. नदिजन्य पदार्थलाई यस बारबर्दिया नगरपालिका भित्र रहेका बर्षातको कारण बिग्रिएका बाटोहरुमा स्तरउन्नतिका लागि प्रयोग गर्ने तथा बाँकि बचेका उक्त नदिजन्य पदार्थलाई लिलाम बिक्रिका लागि प्रक्रिया अगाडि बढाई लिलाम गर्ने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं. ३ मा छलफल गर्दा बारबर्दिया नगरपालिका वडा नं. ६ मा नवनिर्मित नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि संघिय सरकारबाट बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस बारबर्दिया नगरपालिका भित्र रहेका बाटाघाटाहरु मर्मत तथा सरसफाई कार्यका लागि वडा समितिले प्रत्येक गाउँ/टोल/बस्ति का बडघरहरु तथा अन्य अगुवाहरु संग समन्वय गरी सो कार्य गर्ने गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत